याङ्वरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
प्रदेश नं. १, नेपाल

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

### प्रथम पटक प्रकाशित मिति: २०७९/०९/१९ गते

यस गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा देहाय बमोजिमको कर्मचारी करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका इच्छुक नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजश्व तिरेको रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय:

| वि.नं. | पद | माग संख्या | दरखास्त दस्तुर | कै. |
|---|---|---|---|---|
| ०८-२०७९/०८० | अपाङ्गता सहायता सहजकर्ता | १ | ३००।- | |

- **शैक्षिक योग्यता, अनुभव तथा आवश्यक शर्तहरु:**

(क) नेपाली नागरिक।

(ख) अपाङ्गता भएका व्यक्ति।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट २ वा सो सरह उत्तीर्ण गरेको।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

(ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धि तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ।

- **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र,
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,
३. अपाङ्गता परिचय-पत्र,
४. अनुभव खुल्ने कागजातहरु,
५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।

- **दरखास्त बुझाउने अन्तिम मिति:-** २०७९ /०९/१९ देखि २०७९/१०/०३ गते सम्म कार्यालय समय भित्र
- **उम्मेद्वारको छनौट विधि:-** प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन

सुमन लिङ्देन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत



yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८, ०२४...

- **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:-** याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, थर्पु, पाँचथर।
- **दरखास्त दस्तुर बुझाउने प्रकृया:** सूचनामा उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी यस कार्यालयको सिभिल बैंक शाखा थर्पुमा रहेको याङवरक ग.१.१ आन्तरिक राजश्व खाता नं. ०६२१०१८४८९९०८२ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयमा नगदै बुझाएको नगदी रसिद पेश गर्नुपर्ने छ।
- **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:-** दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुईदिन भित्र यस गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ। साथै, गाउँपालिकाको वेबसाइट र फेसबुक पेजमा समेत प्रकाशित गरिनेछ।
- **आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ।**
- **मासिक तलब:** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

8/18

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

सुमन ... लिम्बु
प्रमुख प्र... अधिकृत